बालबालिकाका लागि बाइबल

को प्रस्तुती

# येषूले अन्धालाई निको पारे



लेखन: Edward Hughes

चित्र: Janie Forest

संयोजन: Ruth Klassen

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2015 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

बर्तिमै (ब-र्ति-मै) जोरिको षहरको बाटोको किनारमा बस्ने एक अन्धो माग्ने थियो। केही दयालु मानिसहरूले तिनलाई पैसा अथवा केही खानको लागि रोटी दिन्थे। बर्तिमै काम गर्न सक्थेनन् कारण तिनी अन्धो थिए खाली माग्न मात्र सक्थे।



एकदिन त्यस बाटोमा भीड थियो। बर्तिमैले धेरै खुट्टाहरूको आवाज सुनिरहेका थिए। केही भइरहेको छ अनि के भइरहेछ भनेर उनले सोधपूछ गर्न लागे।



नासरतको येषू षहरमा हुनुहुन्छ अनि भीड़हरू उहाँलाई हेर्न अनि सुन्न भीड़ भएको थियो।





"येषू, दाऊदका पुत्र ममाथि दया गर्नुहोस्।" किन बर्तिमै कराए? किन येषूले उनलाई सहायता गर्छ भनी सोचे? यद्यपि तिनले अरूहरूबाट येषूले चंगाइ गर्छ भनी सुनेका थिए। केही बहिरो, लाटो, चंखो अनि अन्धो थिए। "दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्" भनी बर्तिमैले बारम्बार भने। तिनको आवाज आषासंग बोल्याएको आवाज थियो।



एउटा कुरामा बर्तिमै
निष्चित थियो कि
अहिले तिनले सहायता
पाएन भने तिनले अरू
मौका पाउनेछैन। येषू
त्यहाँदेखि कहिले
आउनेथिएन होला।



बर्तिमै येषूकहाँ
आइपुगे तर
मानिसहरूले तिनलाई
आउनदिएन "चूप!"
भनेर तिनीहरूले भने।
तिनीहरूले चूप लाग
भनी तिनीहरूले
चेताउनी दिए।

तर बर्तिमै चूप बस्न सकेनन्। तिनलाई चूप राखे। अचानक येषू रोकिनुभयो, सुन्नुभयो, अनि त्यस अन्धो मानिसलाई ल्याउने आज्ञा दिनुभयो। “ढाड़स गर” भनी मानिसहरूले भने। “उठ, उहाँले तिमीहरूलाई बोलाउनुहुँदैन।”



आफ्नो खाश्टो फालेर उफ्रँदै त्यो येषूकहाँ आयो।



“म तिमीलाई के गरूँ भन्ने तिमी चाहन्छौ?” येषूले भन्नुभयो। तपाईंले कसरी जवाफ दिनुहुन्छ? के तपाईंले धेरै पैसा अथवा नयाँ लुगाहरू माग्नु हुन्थ्यो? बर्तिमैले के चाहेको थियो?



होइन, बर्तिमैले येषूबाट सुन अथवा असल लूगा चाहेनन्। तिनले के चाहे।



“प्रभु, म देख्न चाहन्छु।” बर्तिमैले देख्न चाहन्थे। परमेष्वरको सारा रूख, चरा-चुरूंगीहरू अनि सारा सृश्टि देख्न चाहन्थे। तिनले देखेर आफैलाई हेरचाह गर्न चाहन्थे अनि माग्न चाहन्थेनन्।



त्यसपछि येषूले बर्तिमैलाई भन्नुभयो, “दृश्टि पाऊ अनि तिम्रो विष्वासले तिमीलाई निको पारेको छ।”



त्यतिखेरै तिनले दृश्टि पाए
अनि येषूलाई पछ्याए।
तिनले भन्न सक्यो
कि “परमेष्वर
महान् हुनुहुन्छ,
उहाँले मलाई
चंगाई
पार्नुभयो।”
बर्तिमैको
लागि यो
एउटा असल
क्षण थियो।





जब सबै मानिसहरूले
यो देखे तब तिनीहरूले
परमेष्वरलाई महिमा
दिए। फेरि एकपल्ट
परमेष्वरको पुत्रले गरीब
अन्धो माग्नेलाई चंगाई
गर्नुभयो।

# येषूले अन्धालाई निको पारे

## परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

## जुन

## मर्कूस 10, लूका 18, यहून्ना 9

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।”
भजनसंग्रह ११९:१३०

समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६